# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०१ | काठमाडौं | बिहीबार, १८ फागुन २०७९ | Prabhab National Daily | Thursday, March 02, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## प्रदेश १ अब 'कोशी प्रदेश'



बुधबार बसेको प्रदेश १ (कोशी) प्रदेशको प्रदेशसभा बैठक ।

■ प्रभाव संवाददाता

**विराटनगर–** प्रदेश १ को नाम अन्ततः 'कोशी' कायम भएको छ। प्रदेश संसद्मा मत विभाजन हुँदा बुधबार कोशीको पक्षमा ८२ मत खस्यो । विपक्षमा चार मत खसेको सभामुख बाबुराम गौतमले बताए ।

बुधबार बिहान एमाले सांसद रामबहादुर रानामगर प्रस्तावक रहेर प्रदेशको नाम 'कोशी प्रदेश' राख्न प्रस्ताव दर्ता गराएका थिए । समर्थक एमालेकै निरन राई थिए । सोही नाम प्रदेशसभाबाट पारित भएको हो ।

> एमालेले प्रस्ताव गरेको 'कोशी' नाम कांग्रेस, माओवादी केन्द्र र राप्रपाको समर्थनमा पारित

कोशी प्रदेशको प्रस्तावमाथिको छलफलमा १५ जना प्रदेश सांसदले भाग लिएका थिए । प्रदेश सांसदहरूले उठाएको प्रश्नको जवाफ उक्त प्रस्तावका प्रस्तावक एमालेका प्रदेश सांसद मगरले दिए । प्रदेश नामकरणका लागि दुई तिहाइ बहुमत अर्थात् ६२ जना सांसद चाहिन्थ्यो । तर, त्योभन्दा बढी मत हुने गणित संसद्मा थियो ।

एमालेका ४०, कांग्रेसका २९, माओवादीका १३ र राप्रपाका छ सांसद प्रदेशको नाम 'कोशी' को समर्थक बने । तर, मत भने ८२ मत खसेको हो । छ जना सांसद भने मत विभाजनमा (**बाँकी पृष्ठ २ मा**)

## 'कोशी'विरूद्ध प्रदर्शन

**काठमाडौं (प्रस)–** पहिचान पक्षरहरूले प्रदेश १ को नाम 'कोशी' नामकरण गरिएकोप्रति विरोध जनाएको छ। बुधबार प्रदेशको नाम 'कोशी' राख्नेबारे प्रदेशसभामा छलफल चलिरहेकै समयमा विभिन्न जिल्लामा प्रदर्शन भएका थिए । प्रदर्शन चर्किने डरले प्रदेश राजधानी विराटनगरमा स्थानीय प्रशासनले निषेधाज्ञा नै जारी गरेको थियो ।

बुधबार खोटाङमा प्रदर्शनकारीहरूले मुख्यमन्त्री हिक्मत कार्की, कांग्रेस संसदीय दलका नेता उद्धव थापा, माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोको पुत्ला दहन गरे । उनीहरूले 'कोशी प्रदेश खारेज गर', 'किरात प्रदेश जिन्दावाद'को नारा लगाएका थिए ।

यसैबीच लिम्बुवान-किरात संयुक्त सघर्ष समितिले आज (बिहीबार) बिहान ९ बजेदेखि ११ बजेसम्म प्रदेशभर चक्काजाम गर्ने जनाएको छ । चक्काजामको संयोजक किरात राई यायोख्याले गर्ने भएको संघीय लिम्बुवान मञ्चका अध्यक्ष कुमार लिङ्देन 'मिराक'ले बताए । उनका अनुसार यायोख्खाले आह्वान गरेको चक्काजामलाई लिम्बुवान-किरात संयुक्त संघर्ष समितिले ऐक्यबद्धता जनाएको छ । बिहान ११ बजेपछि भने समितिले आगो बालेर प्रदेशका (**बाँकी पृष्ठ २ मा**)

# पहिचानको राजनीति 'कोमा'मा




> माओवादी पहिचानको राजनीतिको मूलधार हो । अन्य त सहायक हुन् । तर, यही दलले पहिचानलाई राजनीतिक दाउपेचको साधन बनाउँदै लग्यो । यस आधारमा राज्य पुनःसंरचनाको मर्मविपरीत प्रदेश नामकरण भयो । त्यसमै कोशी पनि पर्‍यो ।
>
> ■ **बुद्धछिरिङ मोत्तान**
> राजनीतिक विश्लेषक

सातवटा प्रदेशसहित नेपालको राजनीतिक नक्सा

■ जेबी योञ्जन

**काठमाडौं–** महेन्द्रकालीन राज्य संरचनाअन्तर्गतको 'कोशी' नाम राखेर प्रदेश १ को नामकरण टुंगो लगाएसँगै पहिचानको राजनीति 'कोमा' पुगेको टिप्पणी हुन थालेको छ । प्रदेशको नाम पहिचानको आधारमा हुनुपर्छ भन्दै यहाँ पटक-पटक आन्दोलन त उठ्यो । आन्दोलनकै क्रममा मनिल तामाङ र राजकुमार आङ्देम्बे सहिद पनि भए । कयौं पहिचानवादीहरू घाइते भए । कतिपय अंगभंग भए ।

तर, पहिलो संविधानसभामा बलिया रहेका पहिचान पक्षधर दल र समूहहरू दोस्रो संविधानसभा हुँदै हालसम्म आइपुग्दा जनमतका आधारमा धेरै कमजोर भए । संघ र प्रदेश संसद्हरूमा उपस्थिति न्यून छ ।

यसको असर पहिचानको मुद्दामा परेको राजनीतिक विश्लेषक तुलानारायण साह बताउँछन् । मुद्दा कमजोर हुँदा संसद्मा पहिचानवादीहरूको उपस्थिति पनि न्यून भएको र त्यसकै उपज प्रदेश १ को नाम कोशी रहेको उनले बताए ।

अर्को कारण, पहिचानको पक्षमा उभिने राई र लिम्बू समुदायबीच नामलाई लिएर भएको मतभेद पनि कोशी नाम रहनुलाई ठान्छन् । 'पहिचानको मुद्दा जुन दल र समुदायले उठाए, जनमतका आधारमा निकै कमजोर देखिन्छ,' उनले प्रभावसँग भने, 'फेरि, लिम्बू र राईबीच नामलाई लिएर मतभेद भयो । यसो हुँदा त कोशी रहने भइहाल्यो ।'

यसअघि नै तत्कालीन प्रदेश ३ बागमती, प्रदेश ४ गण्डकी, प्रदेश ५ लुम्बिनी, प्रदेश ६ कर्णाली र प्रदेश ७ सुदूरपश्चिम नामकरण भइसकेका छन् । यी सबै राजा महेन्द्रले देशको प्रशासनिक क्षेत्र वर्गीकरण गर्दा भूगोलविद् डा. हर्क गुरुङको अवधारणाअनुसार नामकरण गरिएका भेगीय इलाकाका नाम हुन् ।

तत्कालीन प्रदेश २ भने मधेस प्रदेश भएको छ । यो भने भौगोलिक पहिचानको आधारमा राखिएको नाम हो । छिमेकी प्रदेश मधेसको नाम पहिचानको आधारमा हुँदा प्रदेश १ को पनि नाम सोही आधारमा टेकेर हुने पहिचानवादीहरूले आशा गरेका थिए । तर, जलाधार क्षेत्रसँग जोडिएको प्रदेशको नाम कोशी भयो ।

अघिल्लो प्रदेश संसद्मा कोशी, सगरमाथा, किरात, लिम्बुवान, खुम्बुवान, कोशी-किरात, सगरमाथा-किरातजस्ता नामबारे बहस भएको थियो । कुनै नाममा सहमति वा बहुमत जुट्ने अवस्था थिएन । र, पहिचानलाई कुल्चिएर प्रदेश नामकरण गरिए निर्वाचनमा असर पर्ने भन्दै एमालेका तत्कालीन मुख्यमन्त्रीहरू शेरधन राई र भीम आचार्यसँगै नेकपा एकीकृत समाजवादीबाट मुख्यमन्त्री भएका राजेन्द्रकुमार राई नाम टुंग्याउन तयार भएनन् । राजेन्द्रले त संसद्बाट पहिचानविनाको नाम टुंगो लगाउन तयार नहुने अभिव्यक्ति दिएका थिए ।

(**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# मलेसियाका रोजगारदातामाथि कडाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसिया सरकारले घरेलु श्रम बजारमा स्थानीय कामदारलाई नै प्राथमिकता दिनुपर्ने नीति अघि सारेको छ । त्यहाँको मानव संसाधन मन्त्रालयले न्यून पारिश्रमिकको प्रभावमा परी रोजगारदाताले विदेशी कामदार भर्ना गर्न स्वदेशी कामदार हटाउन नपाइने भन्दै स्थानीयलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको बताइएको छ ।

मानव संसाधनमन्त्री भी शिवकुमारले स्थानीय कामदार कटौती गर्ने रोजगारदातालाई ठूलो आर्थिक जरिवाना र विदेशी श्रमिक ल्याउन पाउने कोटा कटौती गर्ने चेतावनी दिएका छन् । त्यहाँको प्रतिष्ठित सञ्चारमाध्यम 'द स्टार'ले मानव संसाधनमन्त्री शिवकुमारले स्थानीय कामदार हटाएर विदेशी कामदार राख्न खोज्ने रोजगारदातालाई ठूलो आर्थिक जरिवाना र विदेशी कामदार ल्याउन पाउने कोटासमेत कटौती गर्ने चेतावनी दिएको जनाएको छ । मन्त्री शिवकुमारले बुधवार एक विज्ञप्ति जारी गर्दै स्वदेशी कामदारलाई हटाउने कार्य श्रम कानुनविपरीत रहेको स्मरण गराउँदै त्यस्तो गरेको पाइए रोजगारदातालाई प्रतिघटना ५० हजार रिंगिटसम्म जरिवाना र विदेशी कामदार ल्याउने कोटा कटौती गर्ने चेतावनीयुक्त सन्देश दिएको उक्त सञ्चारमाध्यमले उल्लेख गरेको छ ।

मन्त्री शिवकुमारले विदेशी श्रमिक ल्याउन खुकुलो व्यवस्था गरेपछि उल्लिखित घटनामा वृद्धि भएको बताउँदै यस सम्बन्धमा थुप्रै उजुरी प्राप्त भएको जनाएका छन् । उनले हालै मन्त्रालयले पेनाङ क्षेत्रबाट त्यस्ता थुप्रै उजुरीहरू प्राप्त गरेको भन्दै त्यसो गर्ने रोजगारदाताहरूलाई कानुनको



> मलेसियाका मानव संसाधनमन्त्री भी शिवकुमारले स्थानीय कामदार कटौती गर्ने रोजगारदातालाई ठूलो आर्थिक जरिवाना र विदेशी श्रमिक ल्याउन पाउने कोटा कटौती गर्ने चेतावनी दिएका छन्

दायरामा ल्याउने र कारबाही गर्ने चेतावनीसमेत दिएका छन् । विदेशी श्रमिक भित्र्याउने अनुमति पाएका कतिपय रोजगारदाता कम्पनीहरूले धमाधम स्वदेशी श्रमिकलाई कामबाट हटाएको पाइएको मन्त्री शिवकुमारको भनाइ छ । उनका अनुसार पछिल्लो एक घटनामा एक कम्पनीले १०२ जना स्थानीय कामदारलाई रोजगारीबाट हटाएको पाइएको छ । उनले जारी गरेको विज्ञप्तिमा विदेशी श्रमिक ल्याउन पाउनुको अर्थ स्थानीय कामदार हटाउने वा उनीहरूलाई प्रतिस्थापन गर्ने व्यवस्था नभएको भन्दै स्थानीय नागरिकलाई नै रोजगारीमा प्राथमिकता दिन पनि आग्रह गरिएको द स्टारले जनाएको छ ।

तर, एक अध्ययनका अनुसार मलेसियाका नागरिक न्यून आय हुने घरेलु श्रमबजारको रोजगारीमा संलग्न हुन नचाहेको र सिंगापुरलगायतका मुलुकमा जाने गरेको देखाएको छ । मलेसिया सरकारले केही वर्षयतादेखि स्थानीय नागरिकलाई स्वदेशी रोजगारीमा नै आकर्षित गर्ने प्रयास गर्दै आए पनि सफल हुन नसकेको बताइन्छ । कोरोना महामारीका कारण झण्डै तीन वर्ष विदेशी कामदार आपूर्ति रोकेको मलेसियाले श्रमबजारमा कामदारको चर्को अभाव भएपछि सन् २०२२ को मध्यदेखि विदेशी कामदार भर्ना नीति खुकुलो बनाएको छ । साथै, रिक्यालिब्रेसन कार्यक्रममार्फत मलेसियामा अवैधानिकरूपमा बसेर काम गरिरहेका विदेशी कामदारलाई पनि वैधता दिँदै कामदार परिपूर्ति गर्ने अवसरसमेत दिएको छ ।

## विमानस्थलबाट ५७ थान राहदानी सहित पक्राउ

**काठमाडौं (प्रस)–** नेपाल एयरलाइन्समार्फत नयाँ दिल्ली जान लागेका एक जना नेपाली यात्रुलाई ५७ थान राहदानी (पासपोर्ट)सहित प्रहरीले नियन्त्रणमा लिएको छ । बुधबार काठमाडौंबाट नयाँ दिल्लीतर्फ उड्न लागेका सुनसरीका योगेन्द्र घिमिरेलाई उल्लिखित पासपोर्टसहित प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

आरए २१७ बाट दिल्ली प्रस्थानका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका घिमिरेलाई प्रस्थान कक्षबाट नियन्त्रणमा लिइएको हो । ह्याण्डब्यागेज जाँच गर्ने क्रममा उनको साथमा ठूलो संख्यामा पासपोर्ट भेटिएपछि आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिइएको विमानस्थल प्रहरीले जनाएको छ ।

ठूलो संख्यामा पासपोर्ट बो.केर दिल्ली प्रस्थान गर्न लागेका घिमिरे टेकुस्थित आवर डेस्टिनी म्यानपावर कम्पनीको कर्मचारी रहेको खुलेको छ । वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक रोमानिया जाने नेपालीहरूको दिल्लीमा भिसा लगाउन घिमिरेले साथैमा पासपोर्ट लैजान लागेको प्रहरीलाई प्रारम्भिक जानकारी दिएको बताइएको छ । यद्यपि, घिमिरेले कुन उद्देश्य र प्रयोजनका लागि त्यति धेरै पासपोर्ट बोकेर दिल्ली जान लागेका हुन् प्रहरीले खुलाएको छैन । कुनै पनि व्यक्तिको पासपोर्ट विदेश लैजान राहदानी विभागको अनुमति चाहिने प्रावधानविपरीत भएको हुनाले थप अनुसन्धान र कारबाहीका लागि घिमिरेलाई प्रहरी परिसर टेकु पठाइएको जानकारी दिइएको छ ।






(**बाँकी पृष्ठ २ मा**)

# बालअधिकार संरक्षणका लागि नयाँ नीति आउँदै

**काठमाडौं (प्रस)**– सरकारले 'राष्ट्रिय बालबालिका नीति, २०७९' को मस्यौदा तयार गरेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले 'बालबालिका नीति, २०६९' लाई खारेज गरी बालअधिकार र बालसंरक्षणका लागि नयाँ र समयसापेक्ष नीति ल्याउन लागेको हो ।

उक्त मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद् र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले मंगलबार आयोजना गरेको कार्यक्रममा उक्त नीतिको मस्यौदामाथि छलफल भएको छ । उक्त नीति मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि लागू हुनेछ ।

मन्त्रालयका सचिव डिल्लीराम शर्माले मन्त्रालयले तयार गरेको मस्यौदामाथि सुझाव दिन आग्रह गर्दै सरकार राष्ट्रिय र अन्तर र्राष्ट्रिय बालअधिकार कानुनको कार्यान्वयनका लागि प्रतिबद्ध भएको बताए ।

मन्त्रालयका सहसचिव यमलाल भुसालले 'बालअधिकार सुनिश्चित भएको बालमैत्री राष्ट्र निर्माण' भन्ने दीर्घकालीन सोच र 'प्रत्येक बालबालिकाको सर्वांगीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने' लक्ष्यका साथ नयाँ नीतिको मस्यौदा तयार गरिएको जानकारी दिए ।

## प्रदेश १ अब...

पृष्ठ १ बाट जारी

उपस्थित भएनन् । एकीकृत समाजवादीका चार जना सांसदले पनि विपक्षमा मतदान गरे ।

संसद् बैठकमा एकीकृत समाजवादीले फरक नाम प्रस्ताव गरेको थियो । पूर्वमुख्यमन्त्रीसमेत रहेका एकीकृत समाजवादीका सांसद राजेन्द्रकुमार राई प्रस्तावक र कमलबहादुर जबेगू समर्थक रहेको 'किरात-लिम्बुवान-सगरमाथा' प्रस्ताव परेको थियो । तर, बहुमत सांसदहरूको ध्वनी मतले उक्त प्रस्ताव अस्वीकृत भयो ।

त्यसपछि कोशी नामसम्बन्धी प्रस्तावमाथि छलफल भएर पारित भएको हो । प्रदेश संसद्मा नामसम्बन्धी प्रस्तावमाथि छलफल भइरहँदा भने संसद् बैठकको प्रत्यक्ष प्रसारण बन्द गरिएको थियो । विराटनगरमा स्थानीय प्रशासनले निषेधाज्ञा नै जारी गर्‍यो ।

पहिचानवादी दल र संघसंस्थाले हिंसात्मक प्रदर्शन गर्न सक्ने भन्दै प्रशासनले निषेधाज्ञा लगाएको हो । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेशको नाम 'कोशी' पारित भएको उपलक्ष्यमा आज सार्वजनिक विदा दिने निर्णय मन्त्रिपरिषद् बैठकबाट भएको जनाएको छ ।

## पहिचानको...

पृष्ठ १ बाट जारी

तर, एमालेकै मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भने भौगोलिक, ऐतिहासिक, सांस्कृतिकजस्ता पहिचानका आधारहरूलाई बेवास्ता गर्दै जलाधार क्षेत्रसँग जोडिएको नाम कोशी प्रस्ताव गराए । प्रस्तावक एमाले सांसद रामबहादुर राना मगर र सोही दलका निरेन राई 'कोशी' प्रदेशका समर्थक हुन् ।

उक्त प्रस्तावमा कांग्रेस, नेकपा माओवादी केन्द्र र राप्रपाका सांसदहरूको समर्थन रह्यो । त्यही भएर प्रदेश संसद्को दुई तिहाइभन्दा बढी मतले प्रदेश नाम कोशी पारित भएको हो । पहिचानवादी राजनीतिक विश्लेषक बुद्धछिरिङ मोक्तान देशमा जसरी पहिचानको आन्दोलन उठ्यो, त्यस आधारमा अहिलेको परिणाम आउनु स्वाभाविक भएको बताउँछन् ।

'माओवादी पहिचानको राजनीतिको मूलधार हो । अन्य त सहायक हुन् । तर, यही दलले पहिचानलाई राजनीतिक दाउपेचको साधन बनाउँदै लग्यो,' उनले भने, 'यस आधारमा राज्य पुनःसंरचनाको मर्मविपरीत प्रदेश नामकरण भयो । त्यसमै कोशी पनि पर्‍यो ।'

पहिलो संविधानसभामा डा. मदन परियार संयोजक रहेको राज्य पुनःसंरचना उच्चस्तरीय सुझाव आयोगले पहिचानका पाँच र सामर्थ्यका चार आधारलाई टेकेर प्रदेशहरूको नामंकन र सीमांकन गरेको थियो । त्यसबेला बुधबार कोशी प्रदेश भएको प्रदेश १ का १४ जिल्लाको भूगोलमा ऐतिहासिक पृष्ठभूमिका आधारमा लिम्बुवान, कोच, अवध, खम्बुवानजस्ता प्रादेशिक राज्यको सिफारिस गरेको थियो ।

माओवादीले आयोगकै सिफारिसलाई आधार बनाएर राज्य पुनःसंरचनाको खाका सार्वजनिक गरेको थियो । सोहीअनुसार एकल पहिचानका आधारित लिम्बुवान गणराज्य, कोच गणराज्य, अवध गणराज्यदेखि किरात गणराज्यसम्म घोषणा गरेर गणराज्य प्रमुखसमेत तोकेको थियो ।

कांग्रेस र एमाले भने बहुपहिचानको पक्षमा थिए । यी दलहरूले कञ्चनजंघा-लिम्बुवान, अवध-कोशी, सगरमाथा-खम्बुवानजस्ता नामकरण गर्दै राज्य पुनःसंरचनाको खाका प्रस्तुत गरेका थिए । तर, दलहरूले आफैंले यसअघि प्रस्तुत गरेको खाकाअनुसारको नामभन्दा भिन्न नाम 'कोशी' नाम बुधबार कायम भयो । एमालेले प्रस्ताव गरेको यो नामको समर्थनमा कांग्रेस, माओवादी र राप्रपा उभिए ।

यसअघि मुख्यमन्त्री भइसकेका नेकपा एकीकृत समाजवादीका नेता राईले भने प्रदेशको नाम 'किरात-लिम्बुवान-सगरमाथा' बुधबार प्रदेश संसद्मा प्रस्ताव गरे । उक्त प्रस्ताव भने बहुमतले अस्वीकृत भयो ।

## 'कोशी'विरुद्ध...

पृष्ठ १ बाट जारी

हरेक जिल्लाको सदरमुकाम, प्रमुख सहर, चोक र गाउँगाउँमा 'कोशी' प्रदेशको विरोध गर्ने कार्यक्रम तय गरेको छ । भोलि (शुक्रबार भने प्रदेशभका ठाउँ-ठाउँमा कालो झण्डा गाड्ने, आगो बाल्ने, पहिचान पक्षधर संगठनहरूसँग थप सल्लाह गरेर शनिबार आन्दोलनलाई थप उचाइमा पुर्‍याउने लिङ्देनले बताए ।


## साउदी/कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON

पूर्व स्वीकृति मिति २०७९/१०/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No. 280733 चलानी नं. ६०१९६१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 75 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NEW TOP CHOICE CLEANING

पूर्व स्वीकृति मिति २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No. 278935 चलानी नं. ६०१९४४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 10 | 0 | 1000 | ३५,५६० | | | | | | | |
| 3 | Marketing | 1 | 0 | 3500 | १२४,४५५ | | | | | | | |
| 4 | Salesman | 1 | 0 | 1500 | ५३,३३५ | | | | | | | |
| 5 | Store Keeper | 1 | 0 | 2000 | ७१,११५ | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ८८,८९५ | | | | | | | |

कम्पनी : JRA ELITE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/१७ LT. No. 281484 चलानी नं. ६०१९७३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम इजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOO SENG CARTON INDUSTRIES SDN. BHD. शहर: Melaka पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०७/१९ पुन विज्ञापन स्वीकृति मिति : २०२३/०३/०१ LT. No. 267515 चलानी नं . ६०१८३४८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) | 25 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि: शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)

श्रम ईजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu

Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com

## मलेशियामा रोजगार

1. IRFAZ AGRO SDN. BHD., SELANGOR

पुर्व स्विकृति मिति: 2079.11.17 चलानी नं. ६०१९७३२५ LT No. 281844

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fatory Worker (Manufacturing Sec.) | 15 | 1500 | 44269 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. INTEGRATED GOLD CHAIN LOGISTICS SDN BHD, PENANG

पुर्व स्विकृति मिति: 2079.11.17 चलानी नं. ६०१९७३३२ LT No. 281899

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 1500 | 44269 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिशा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिशा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०७९ फागुन २५ गते (9 March 2023) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनूहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बदी रकम कसैलाई नदिनूहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनूहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पदेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.

Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAHRAN OPERATION AND MAINENANCE COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/१७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१७ LT. No. 280323 चलानी नं. ६०१९५८३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 34 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAKERY DALEEL ALTAEGI ANEZI

पूर्व स्वीकृति मिति २०७९/११/१५ LT. No. 281601 चलानी नं. ६०१९७२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 1 | 0 | 2000 | ७०,६४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Bakery Helper | 1 | 0 | 1000 | ३५,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.

श्रम ईजाजत नं. ३११/०५९/०६० वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAMAYA ELECTRIC (M) SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०९/१८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१७ LT. No. 278707 चलानी नं. ६०१९७३१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५/२६ गते (9/10th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD. श्रम ईजाजत नं. ३५९/०५९/०६०

Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALHA SAFAR ALGHAMDI FOR CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०७९/११/१७ LT. No. 281710 चलानी नं. ६०१९७३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 1 | 0 | 2000 | ७०,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd. श्रम ईजाजत नं. ४४४/०६०/०६१

Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WELLCARE PHARMACY

पुर्व स्वीकृति मिति २०७८/०६/०४ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No.244030 चलानी नं. ६०१६३३४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 24 | 0 | 1700 | ६१,६७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 14 | 0 | 1300 | ४७,१५५ | | | | | | | |

कम्पनी : WELLCARE PHARMACY

पुर्व स्वीकृति मिति २०७८/१०/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No.256664 चलानी नं. ६०१७३३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 7 | 0 | 1600 | ५८,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 9 | 0 | 1700 | ६१,६७० | | | | | | | |
| 3 | Labourer | 8 | 0 | 1300 | ४७,१५५ | | | | | | | |
| 4 | Salesman | 8 | 0 | 1700 | ६१,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शूल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AP OVERSEAS PVT. LTD

Govt. License 826/066/67

Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np


### सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सोलुखुम्बुको

## सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९।११।१८

यस कार्यालयबाट तपसिलमा उल्लेखित निर्माण कार्यहरु सिलवन्दी दरभाउपत्रको माध्यम खरिद कार्य सम्पन्न गराउनु पर्ने भएकाले इच्छुक फर्महरुबाट रितपूर्वक दरभाउपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ ।

| बोलपत्र नं. | विवरण | विडवण्ड बापतको रकम | दरभाउपत्र दस्तुर | लागत अनुमान भ्याट बाहेक | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने अन्तिम मिति | दरभाउपत्र पाइने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| NCB/05/CONS | Construction of Boundary wall of dumping site ward no.7 garma | 50000/- | 1000/- | 1769541.69 | २०७९/१२/०२ कार्यालय समय सम्म | २०७९/१२/०३ दिनको १२:०० बजे भित्रमा | २०७९/१२/०३ दिनको २ बजे | सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय |

- दरभाउपत्र साथ मु.अ.कर दर्ता फर्म, संस्था वा कम्पनी दर्ता, व्यवसाय दर्ताको इजाजत र आ.व. ०७८।०७९ को कर चुक्ता प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ। उक्त आ.व.को कर चुक्ता नभए म्याद थप भएको प्रमाण संलग्न गर्नु पर्नेछ।
- विड वण्ड रकम राष्ट्रिय वाणिज्य बैंक सल्लेरी सोलुखुम्बुमा रहेको सोलुदुधकुण्ड नगरपालिकाको धरौटी खाता नं. २०२०१००३०३०००००५ मा नगद दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको ७५ दिनको म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ। ।
- दरभाउपत्र सम्बन्धी अन्य विस्तृत कुराहरु बुझ्न परेमा यस कार्यालयको फोन न. ०३८-५२०२६४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ वा यस कार्यालयको वेभ साइट www.solududhkundamun.gov.np मा हेर्न सकिनेछ ।

# देशभरका क्याम्पसमा निर्वाचन समिति गठन

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालय (त्रिवि) को स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि देशभरका क्याम्पसमा स्ववियु निर्वाचन समिति गठन भएको छ। आगामी चैत ५ गते हुने निर्वाचनका लागि उपत्यकासहित देशभरका त्रिवि आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा स्ववियु निर्वाचन समिति गठन गरिएको हो।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले सबै क्याम्पसले स्ववियु निर्वाचन गर्न निर्वाचन समिति गठन गरेको जानकारी दिए। प्रत्येक क्याम्पसमा क्याम्पस प्रमुख संरक्षक हुने गरी निर्वाचन समिति गठन गरिएको उनले बताए।

उक्त समितिले नै क्याम्पसमा स्ववियु निर्वाचन गराउनेछ। त्रिविका सबै आंगिक क्याम्पसमा विद्यार्थी कल्याण प्रमुख रहने व्यवस्था छ। यसअघि त्रिविका शिक्षाध्यक्ष प्राडा शिवलाल भुसालको अध्यक्षतामा १६ सदस्यीय स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समिति गठन गरिसकेको छ। निर्देशनालयका निर्देशक अधिकारीले क्याम्पस गठन गरिएको समिति र क्याम्पस प्रमुखलाई जिल्लास्थित निर्वाचन आयोगसँग स्ववियु निर्वाचनमा समन्वय गर्न अनुरोध गरिएको बताए।

यस्तै उनले स्ववियु निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउन गृह मन्त्रालयमार्फत ७७ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई पत्राचारसमेत गरिएको जानकारी दिए। 'स्ववियु निर्वाचनको सुरक्षा व्यवस्था मिलाउन गृह मन्त्रालयमार्फत ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गरिएको छ,' उनले भने, 'क्याम्पस प्रमुखलाई समेत स्थानीय प्रशासनसँग समन्वय गर्न निर्देशन दिएका छौं।' आगामी चैत ५ गते देशभरिका त्रिविका ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुने स्ववियु निर्वाचनका लागि कार्यतालिकासमेत सार्वजनिक भइसकेको छ।

कार्यतालिका अनुसार यही फागुन १९ गते विद्यार्थी संघ/संगठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ।

यस्तै कार्यतालिकाअनुसार चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म मतदान तोकिएको छ। प्रत्येक दुई-दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखियता नियमित हुनसकेको छैन। २०६५ साल चैत ६ गते भएको स्ववियु निर्वाचन एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो।

**रंगेली नगरपालिका**
Rangeli Municipality
**नगर कार्यपालिकाको कार्यालय**
Office of Municipal Executive
**रंगेली, मोरङ**
Rangeli, Morang
**१ नं. प्रदेश नेपाल**
Province No. 1 Nepal

## बोलपत्र अस्वीकृत गरिएको सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/११/१८**

प्रस्तुत विषयमा यस न.पा.ले Suply Of SMD LED Street Light, Rangeli 7 Morang ठेक्का नं. NCB/Rangeli/Goods/28/079/80 को लागि मिति: २०७९/०८/२९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरू यस कार्यालयको मिति: २०७९/११/१७ गतेको निर्णय बमोजिम अस्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INDIA GATE CARPENTRY COMPANY
पूर्व स्वीकृति मिति २०७९/११/१७ | LT. No. 281847 | चलानी नं. ६०१९७३१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenters | 15 | 0 | 120 | ५१,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painters | 5 | 0 | 120 | ५१,६८५ | | | | | | | |
| 3 | Polishers | 5 | 0 | 120 | ५१,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 593/062/63

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY
पुर्व स्वीकृति मिति २०७९/१०/२७ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/१७ | LT. No. 280923 | चलानी नं. ६०१९६३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and building cleaning labour | 25 | 0 | 1000 | ३५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २९ गते (13th. Mar 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 280/058/059

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनीः LOVE RESTAURANT CO.
पूर्व स्वीकृति मिति : २०७९/११/१७ | LT. No.281797 | चलानी नं.६०१९७३५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 7 | 10 | 120 | ५१,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 1100/073/074

**S.S.Group of management pvt.Ltd.**
Subidhanagar-35, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com

## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MOHAMMED SAIED COMMERCIAL CORP.( MOSACO)
पूर्व स्वीकृति मिति २०७९/११/१५ | LT. No.281500 | चलानी नं. ६०१९७३०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor for men clothing | 5 | 0 | 1200 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः ENK CO FOR CONSUMER ORDER DELIVERY
पूर्व स्वीकृति मिति २०७९/११/१७ | LT. No.281804 | चलानी नं. ६०१९७३०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 7 | 0 | 130 | ५५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१


# Sanibheri Rural Municipality
## Office of The Rural Municipal Executive
**Simli, Rukum (West)**
**Karnali Province, Nepal**

## INVITATION FOR ELECTRONIC BIDS

***First Published Date : 2079-11-18 B.S. (02 March 2023 AD)***

1. Sanibheri Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following equipment under Sealed Quotation Procedure.

| Contract Identification No. | Description of Work (Fabrication Package) | Estimated Amount, NRs. (Including VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee(NRs.) |
|---|---|---|---|---|
| 03/GOODS/SQ/SRM/079/080 | Fabrication, Transportation, Supply and delivery of Fabricated Steel parts of Shreechaur Lamiduwali Trail Bridge Sanibheri 3 Rukum (West) | 15,03,300.59 | 40000.00 | 1,000 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Sanibheri Rural Municipality or may visit e-GP System **www.bolpatra.gov.np/egp**
3. Electronic Bidding Document is available online and can be downloaded on or before 12:00PM on 16th day from the date of publication. Documents received after this deadline shall not be accepted on 16th day from the date of publication.
4. The bidder shall be required to deposit the non-refundable fee of NRs 1,000 in the internal revenue account as specified below and electronic scanned copy (pdf format) of the bank deposit voucher shall also be submitted along with the Electronic Bids file.

**Information to deposit the cost of bidding Document in Bank**

*Name of Bank: Sunrise Bank Limited, Sanibheri Branch, Rukum (west)*
*Name of office: Sanibheri Rural Municipality*
*Rajaswa (Internal Revenue) Account No: 0770530787703009*

5. Bidder shall submit the electronic bid through website **https:/www.bolpatra.gov.np/egp** on or before 12:00 PM or before 16th day from the date of publication as specified in the instruction to bidder. Bids received by the above-mentioned deadline shall be opened electronically in the presence of bidder representrives who choose to attend at the address above at 1:00 PM on 16th day from the date of publication.
6. In the case of discrepancies or error in bid documens bid notice or any other documents, Sanibheri Rural Municipality reserves the right to amend and correct at any time. The figure written in word is valid.
7. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (Dharauti Account No .0770530787703004) on behalf of Sanibheri Rural Municipality Rukum (West) at Sunrise Bank Limited Sanibheri Branch Rukum (West) or bid bond authorized from a recongnized commercial bank of Nepal which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case, the bid validay and bid security validity shall be recongnized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the instruction to bidder included in bid document non compliance with this instruction shall result in disqualification.
10. Sanibheri Rural Municipality reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.
11. All other conditions of the bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

**Chief Administrative Officer**
**Sanibheri Rural Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## आवश्यकता : प्रविधिको प्रभावकारी प्रयोग र सुरक्षा

सूचना प्रविधिको विकासले मानवजीवनलाई जति सहज बनाएको छ त्यत्तिकै चुनौती पनि बढाएको छ । प्रविधिको दुरूपयोग गर्दै अनेक किसिमका आपराधिक क्रियाकलापहरू बढ्दै जाँदा चुनौती थपिएको हो । 'डेटा सेक्युरिटी' आजको मुख्य चुनौती बनेको छ । यी चुनौतीका बाबजुद प्रविधिको प्रयोग अहिले अनिवार्यजस्तै बनेको छ । हरेक क्षेत्रमा सूचना प्रविधिको प्रयोगविना अगाडि बढ्नसक्ने अवस्था छैन । त्यसैले चुनौतीहरूको पहिचान र त्यसको समाधान गर्दै सूचना प्रविधिको अधिकतम सदुपयोगमा जोड दिनुको विकल्प छैन ।

नेपाल सरकारले सबै क्षेत्रलाई प्रविधिमैत्री बनाउने योजना अघि सार्दै त्यसको अभ्यास गर्दै आएको छ । विभिन्न सेवाहरू अहिले अनलाइन प्रणालीबाटै दिने व्यवस्था गरिएको छ । जस्तोः राहदानी, सवारी चालक अनुमतिपत्र, राजस्व भुक्तानीलगायत सेवाहरूलाई प्रविधिमैत्री बनाइएको छ । विभिन्न सरकारी निकायहरूका सेवा पनि प्रायः अनलाइन प्रणालीमै गइसकेको छ । सरकारले एकीकृत सेवा प्रदान गर्ने उद्देश्यका साथ 'नागरिक एप'समेत सञ्चालनमा ल्याएको छ । यसले सरकारको प्राथमिकताअनुसार प्रविधिमैत्री बनाउने अभियान सकारात्मक दिशामा अघि बढेको देखिन्छ ।

तर, कमजोर व्यवस्थापन र प्रभावकारी संयन्त्रको अभावमा बेलाबेला समस्या भोग्नुपर्छ । हालै सबै सरकारी बेवसाइटहरू एकैपटक डाउन हुँदा सेवाग्राहीले भोग्नुपरेको समस्या, विमानस्थलको सर्भर डाउन हुँदा यात्रुले भोग्नुपरेका सास्ती यसका उदाहरण हुन् । यस्ता समस्या बारम्बार दोहोरिरहन्छन् ।

यसैबीच सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सरकारी वेबसाइटमा एकरूपता ल्याउन प्रयास थालेको छ । सञ्चारमन्त्री रेखा शर्माले मंगलबार 'एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली' र 'वेब मोनिटरिङ प्रणाली' एकैसाथ शुभारम्भ गरिन् । सरकारको यो प्रयास सकारात्मक छ । यसले सरकारी वेबसाइटहरूलाई एकरूपतामा ल्याउन मात्र नभई 'डेटा' सुरक्षामासमेत महत्त्वपूर्ण काम गर्ने देखिन्छ । तर, यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जरुरी छ ।

प्रणाली व्यवस्थापनका लागि कार्यविधि पनि पास भइसकेकाले यसको कार्यान्वयन र अनुगमन गरी यसलाई व्यवस्थित र प्रभावकारी बनाइने सञ्चारमन्त्रीले उल्लेख गरिन् । त्यसैगरी, मनिटरिङ प्रणाली प्रभावकारी बनाउन तथा वेबसाइटहरू ह्याक र डाउन हुने समस्याको पहिचान गरी समयमै समाधान खोज्न र सुरक्षित ढंगले सहजरूपमा प्रणालीहरू सञ्चालन गर्न सहयोग पुग्ने उनको धारणा छ । आर्थिकरूपमा सबैतिर खर्च कटौती भइरहेको सन्दर्भमा यो प्रणालीले स्वाभाविकरूपमा खर्च कटौती गर्नेसमेत उनले दाबी गरिन् । यो प्रणालीलाई स्थानीय तहसम्म पुऱ्याउने सरकारको लक्ष्य छ । आशा गरौं यसले सरकारी सेवाहरू वेबसाइटमार्फत लिन सेवाग्राहीलाई सहज बनाउनेछ । प्रविधिको क्षेत्रमा आउनसक्ने सुरक्षा चुनौतीलाई न्यूनीकरण गर्दै सबै सरकारी सेवालाई प्रविधिमैत्री बनाउन सके 'डिजिटल नेपाल'को लक्ष्य पूरा हुने निश्चित छ । त्यसैले सञ्चार मन्त्रालयले सुरु गरेका दुवै प्रणालीको प्रभावकारी कार्यान्वयनमा ध्यान पुगोस् ।

### मननयोग्य

#### चाणक्य नीति

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्,' हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

'तर तपाइृको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अतः चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हादिृक अनुरोध लिई आएको छु ।

'अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।' क्रमशः

सन्दर्भः नेपाल-अमेरिका व्यापार प्रवर्द्धन

# टिफाको पाँचौं बैठकपछिका आशा



▶▶ डा.सुमनकुमार रेग्मी

> टिफाका अघिल्ला बैठकहरूमा नेपालले पाइरहेका भन्सार छुट सुविधाका उपयोगसम्बन्धी छलफल हुँदै आएको छ । १०-११ वर्षअघि अमेरिकाले निर्यातका लागि ७७ वस्तुमा भन्सार छुट दिएकोमा यस्ता बैठकमा त्यसको समीक्षा र कार्यान्वयनका लागि टिफाको पटक-पटक बैठक बस्दै आएको छ । पहिलोदेखि पाँचौं टिफाको बैठकमा यस्तै समीक्षा हुँदै आएको छ । तर, निर्यात कार्यान्वयनको अवस्था दयनीय छ ।

नेपालले अमेरिकासँग व्यापार तथा लगानी सम्झौता वा टिफा गरिसकेको छ । यस सम्झौतापछि दुई देश स्वतन्त्र व्यापारतर्फ उन्मुख भएको छ । नेपाल र अमेरिकाबीचको व्यापार तथा लगानी सम्झौता अर्थात् टिफा परिषद्को पाँचौं बैठक २०७७ मंसिरमा भएको थियो । यो बैठकमा आठ विषयमा छलफल भएका थिए । यी विषयहरूमा भन्सार मूल्यांकन, टिए, आइपी, बजार पहुँच, टिबिटी, श्रमिक, नेपालमा लगानी तथा विश्वमा नेपाली उद्योगको अवस्था र लगानी नीति थिए ।

नेपालको हितमा हुदै गरिएका विषयले नेपालको व्यापार तथा वाणिज्य स्थितिबारे छलफल भई नेपाली उद्योगलाई विश्वबजारमा पुऱ्याउने उद्देश्य रहँदै आएको छ । चौथो टिफा बैठकमा उठाएका विषय कार्यान्वयन गर्ने सम्बन्धमा पनि पाँचौं बैठकमा छलफल भएको थियो । चौथो बैठकमा नेपालले अमेरिकी सरकारबाट शून्य भन्सार सुविधा प्राप्त गरेका ७७ वटा वस्तुका निकासी प्रवर्द्धन, बाहृयस्तरमा मान्यताप्राप्त प्रयोगशाला, बौद्धिक सम्पत्ति संरक्षण तथा कर्मचारीको क्षमता विकासमा अमेरिकी सहयोग कार्यान्वयनको विषयमा पनि छलफल हुँदै आएको छ ।

अमेरिकाको सन् २०१५ को व्यापार तथा सहजीकरण तथा कार्यान्वयन ऐनले नयाँ देश केन्द्रित ग्राहचता कार्यक्रम स्थापित गरी ' हार्मोनाइज्ड टचारिफ सेडचुल'अन्तर्गतका ७७ वस्तुमा समेटिएका नेपाली वस्तुलाई भन्सार छुट सुविधा दिएको थियो । जसमा हस्तकला, सल, भ्रमण सामग्रीलगायत वस्तु रहेका छन् ।

पाँचौं टिफाको बैठक अगाडिका बैठकमा नेसनल आइपी नीतिमार्फत नवीनतालाई पश्रय दिने नेपालको प्रयासलाई स्वागत गर्दै अमेरिकाले बौद्धिक सम्पत्ति अधिकारलाई अझ बढी संरक्षण गर्न कानुन बनाउने दिशामा नेपालको प्रयासलाई सहयोग गर्ने बताउँदै आएको देखिन्छ ।

### टिफाको पूर्व प्रारूप

नेपालले २०६६ चैत १० सम्म पनि अमेरिकासँग बृहत् व्यापार तथा लगानी सम्झौता गर्ने तयारीको रूपमा पहिलो चरणको वार्ता गरेको थियो । यसअघि टिफा सम्झौताबारे द्विपक्षीय छलफल गर्न नेपालले दुई पटकसम्म तयारी गरेकोमा दुवै पक्षको समय मिलेको थिएन र पछि सरेको थियो । २०६६ चैतमा यसबारे छलफल गर्न वाणिज्य सचिवको नेतृत्वमा एक टोली अमेरिका गएको थियो । पटक-पटक नेपाली सरकारी-निजी क्षेत्रका टोली अमेरिका जानुको मुख्य उद्देश्य अमेरिकासँग व्यापार तथा लगानी सम्झौता प्रक्रिया अगाडि बढाउनु थियो ।

पहिलोपटक व्यापार सम्झौता भएको ६३ वर्षपछि नेपाल र अमेरिकाबीच परिमार्जितस्वरूपमा लगानी र सेवा व्यापारको बृहत् खाका समेटर सम्झौता गर्न धेरैपटक नेपाली टोली अमेरिका गएको थियो । सन् १९४७ अप्रिलमा दुई देशबीच पहिलो मैत्री एवं व्यापार सम्झौता भएको थियो । पहिलेको सम्झौताले वस्तु व्यापारको सामान्य विषय समेटेकोमा पछिको समझौताले दुई देशबीचको वस्तु एवं सेवा व्यापारलगायत एकअर्का देशमा हुने लगानी र बौद्धिक सम्पत्तिको संरक्षणलाई सम्झौताले प्राथमिकता दिएको छ ।

### जिएसपीभन्दा फरक टिफा

नेपाली भ्रमण टोलीले हरेक पटक अमेरिका जाँदा अमेरिकी सरकारले कम विकसित देशलाई दिँदै आएको सामान्य ग्राहयता प्रणाली वा जिएसपी को उपभोग र बौद्धिक सम्पत्ति संरक्षणको क्षेत्रमा अमेरिकाले नेपाललाई गर्नसक्ने सहयोगको बारेमा अमेरिकी अधिकारीसँग वार्ता गर्ने नेपाली जनमानसमा प्रकाशमा ल्याएको थियो । तर, वास्तविकरूपमा यस सम्झौताले अमेरिकाबाट नेपालले के पायो ? पक्कै नेपालले भविष्यमा खोजको सुविधा पाउनेछ ।

यद्यपि, अमेरिकाले नेपाललाई अमेरिकी जिएसपी सुविधा उपभोग गर्न सुझाव दिँदै आएको थियो, र दिँदै जानेछ । तर, अमेरिकाले दिँदै आएको सुविधामा ९५ प्रतिशत वस्तु नेपालमा उत्पादन नहुने बताइन्छ । नेपालले अमेरिकी जिएसपीअन्तर्गत नेपालले भन्सार सहुलियत प्राप्त गर्ने नेपाली उत्पादनको सूची बनाउन आवश्यक छ ।

अमेरिकाले चार हजार ८०० वस्तुलाई यस प्रणालीअन्तर्गत भन्सार सहुलियत प्रदान गरेको छ तर नेपालको वस्तु यसमा कति समेटिएको छ त ? नेपालबाट निकासी हुने वस्तुले अमेरिकी बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन । अमेरिकाले सन् २००८ पछि अल्पविकसित देशका ९७ वस्तुलाई सहुलियतपूर्ण प्रवेश दिने प्रतिबद्धता गरे पनि कार्यान्वयनमा आएको छैन ।

अमेरिकाले ४२ देशसँग यस्तो टिफा सम्झौता गरेको छ भने २० देशसँग स्वतन्त्र व्यापार सम्झौता गरिसकेको छ । नेपालले अमेरिकासँग गरेको टिफा समझौताको एक उद्देश्यमा नेपाली वस्तुलाई अमेरिकी जिएसपीभन्दा बढी सुविधा पाउन प्रयास गर्नु थियो, र पछि पनि हुनेछ ।

नेपालमा उत्पादित तयारी पोसाकलाई अमेरिकी बजारमा भन्सारमुक्त प्रवेशका लागि पहल गर्ने त्यस सम्झौताको उद्देश्य थियो । नेपाललाई त्यस्तो सुविधा दिँदा निर्यात वृद्धि भइरहेका बंगलादेश र कम्बोडियाले संयुक्तरूपमा पेस गरेकाले ती देशहरूले समेत पाउने हुँदा अमेरिका नेपालको त्यो मागप्रति सकारात्मक थिएन । सन् २००५ मा मल्टिफाइबर सम्झौता खारेज भएपछि पनि बंगलादेश र कम्बोडियामा उत्पादित तयारी पोसाकको अमेरिका निर्यात बढिरहेको थियो ।

अमेरिकामा तयारी पोसाकको भन्साररहित बजार पहुँच नेपालको प्राथमिकतामा रहँदै आएको छ । सन् २००१ देखि २०१० सम्ममा नेपाली तयारी पोसाकको अमेरिका निर्यात ९८ प्रतिशत घटेको थियो । सन् २०१३ आउँदा पनि अझ ह्वातै बढ्न सकेको छैन । बहुपक्षीय व्यापार सम्झौता बजार पहुँचको सम्भावना कम हुँदै गएपछि द्विपक्षीय सम्झौतामार्फत सहुलियतको प्रयास भएको हो । विश्व व्यापार संगठनको मन्त्रीस्तरीय बैठक पनि औपचारिकतामा नै सीमित भएपछि द्विपक्षीय सम्झौताको महत्त्व बढेको हो । तर, नेपाली प्रतिनिधिमण्डलले अमेरिका गएर द्विपक्षीय सम्झौतामा अझै सहज बन्ने अवसर हुने बताएका छन् ।

### टिफाका अग्रपथ

अमेरिकासँग गरिएको लगानी तथा व्यापार सम्झौता (टिफा)मा विश्व व्यापार संगठनमा भन्दा बढी प्रतिबद्धता गर्न नहुने बताएका थिए । वस्तु तथा सेवा व्यापार र लगानीका लागि प्रारम्भिक सम्झौता गर्न पटक-पटक नेपाली टोली अमेरिका गएका थिए । भविष्यमा पनि नेपालले सम्झौता गर्ने उद्देश्य र सैद्धान्तिक आधारबारे जाने टोली प्रस्ट हुनुपर्दछ । टिफाले द्विपक्षीय व्यापार सम्झौताका लागि बाटो खोल्ने बताएको थियो । तर, सम्झौता गरेको बेलामा नै भन्साररहित सुविधा पाइहाल्ने भने होइन ।

नेपालले टिफा कार्यान्वयनसँगै द्विपक्षीय व्यापार सम्झौता गरी तयारी पोसाक, पस्मिनाजस्ता नेपालको प्रतिस्पर्धात्मक क्षमता भएका वस्तुको अमेरिका प्रवेशमा भन्सार दरबन्दीमा कम वा छुट पाउने प्रयास भइरहेको थियो र अद्यापि छँदै छ । बौद्धिक सम्पत्तिमाथिको अधिकार र कृषकको बीउविजनसम्बन्धी अधिकारलाई अमेरिकाले कार्यान्वयन गर्न प्रस्ताव राख्न सक्दछ । तर, यस विषयमा नेपालले विश्व व्यापार संगठनमा नेपालले केही नबोलेकाले केही उल्लेख गरिनुहुन्न कि ? सेवा व्यापार र लगानीमा अमेरिकासँग प्रतिबद्धता गर्दा नेपालले विश्व व्यापार संगठनसँग गरेको प्रतिबद्धतासँग सान्दर्भिक हुनु पर्दछ । अमेरिकाले ४२ देशसँग टिफा सम्झौता गरेको छ । जसमध्ये १७ देशसँग द्विपक्षीय व्यापार सम्झौतासमेत गरिसकेको छ ।

टिफाका अघिल्ला बैठकहरूमा नेपालले पाइरहेका भन्सार छुट सुविधाका उपयोगसम्बन्धी छलफल हुँदै आएको छ । १०-११ वर्षअघि अमेरिकाले निर्यातका लागि ७७ वस्तुमा भन्सार छुट दिएकोमा यस्ता बैठकमा त्यसको समीक्षा र कार्यान्वयनका लागि टिफाको पटक-पटक बैठक बस्दै आएको छ । पहिलोदेखि पाँचौं टिफाको बैठकमा यस्तै समीक्षा हुँदै आएको छ । तर, निर्यात कार्यान्वयनको अवस्था दयनीय छ ।

अमेरिकी भन्सार छुटमध्ये नेपालबाट झोला, सुटकेस, लगेज, व्याग प्रयोजनका उत्पादन, सल, व्यांकेट, विभिन्न रेशाका उत्पादन, शीरपोशसम्बन्धी वस्तुहरू निर्यात हुने गरेका छन् । आ.व. २०७२/७३ मा सुविधाप्राप्त ८७ करोड रूपैयाँ बराबरका यी वस्तु निर्यात भएकोमा २०७६/७७ मा ती वस्तुका निर्यात ३५ करोड रूपैयाँमा सीमित रहेको छ । आव २०७२/७३ को तुलनामा यी वस्तुको निर्यात करिब २०० प्रतिशतले कमी आएको छ । जब ती पाँच वर्षमा अमेरिकातर्फ यी वस्तुका निर्यात वार्षिक औसत वृद्धिदर एक प्रतिशत रहेको छ ।

आव २०७६/७७ मा अमेरिकामा नौ अर्ब ४४ करोड ४३ लाख ६६ हजार रूपैयाँको कूल निर्यात भएकोमा भन्सार छुटमार्फत ३५ कारोड बराबरको वस्तु निकासी भएको थियो । यस्तै आव २०७५।७६ मा अमेरिकामा १० अर्ब ८४ करोड ८८ लाख ६२ हजार रूपैयाँको कूल निर्यात भएकोमा भन्सार छुटमार्फत ६८ करोड ४८ लाख १८ हजार रूपैयाँको निर्यात भएको थियो ।

अमेरिकामा नेपालको कूल निर्यातमा यी ७७ वस्तुका अंश पनि क्रमशः खुम्चिने अवस्थामा छ । अमेरिकाको यी ७७ वटा वस्तु विश्व आयातमा भने सन्तोषजनक छ । अमेरिकाले नेपाललाई निर्यातमा भन्सार छुट दिएका ७७ वटा वस्तुका उत्पादन क्षमता बढाउन प्राविधिक सहयोग उपलब्ध हाल पनि गराउने भएको थियो ।

नेपाल र अमेरिकाबीच भएको टिफाको पाँचौं बैठकमा उत्पादन बढाउनका लागि अमेरिकाले प्राविधिक सहयोग गर्ने बताएको थियो । सन् २०१५ देखि २०२५ सम्म नेपाललाई दिएको ७७ वस्तुमा अमेरिकी व्यापार सहुलियत लाभको पूर्णरूपमा उपयोग गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराउन अमेरिका सहमत भएको थियो ।

सरकारले प्रत्येक वर्ष बजेटमा आयात प्रतिस्थापन गरी निर्यात बढाउन घोषणा गरिएका निर्यातका लागि दिइएका छुटसमेत कार्यान्वयन गर्न सकिएको छैन । स्वदेशी उत्पादन बढाउनका लागि टिफामा पास भएका पनि कार्यान्वयनमा आउन सकेका छैनन् । अमेरिकाले निर्यात बढाउन प्राविधिकमा सहयोग गर्ने भनिए पनि कार्यान्वयनमा आउन सकेको छैन । नेपालको तर्फबाट अन्तरनिकायबीच संस्थागत समन्वय गर्न नसक्दा निर्यातमा दिइएका सुविधा कार्यान्वयनमा नआउँदा निर्यात बढ्न सकेको देखिँदैन । सम्झौता कार्यान्वयनका लागि पाँच पटकसम्म पनि छलफल र समीक्षा जारी छ । आगामी बैठकमा पनि यो क्रम जारी रहनेछ ।

*(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायव कार्यकाकारी निर्देशक हुन्)*

# अश्लील साइटमा आदत नबसाऔं



▶▶ विजय खड्का

आजको दिनसम्म आउँदा अधिकांश नेपालीहरूको हातमा मोबाइल र इन्टर नेटको पहुँच पुगिसकेको छ । अन्य आधारभूत आवश्यकताका वस्तुहरूमा पहुँच नपुगे पनि मोबाइल फोन हातहातमा उपलब्ध भइसकेको अवस्था छ । मानिस जहिले पनि केही न केही नयाँ खोजीमा रहेको हुन्छ, त्यो चाहे राम्रो होस् वा नराम्रो । उसको मन र मस्तिष्कले केही न केही नयाँ खोजिरहेकै हुन्छ । मानिसले यस्तो वस्तु, चिज वा उसको मनलाई तृप्त पार्न, मनोरञ्जन दिन केही खोजेको हुन्छ । यसमा आमनेपाली र अझ युवा पुस्ता अगाडि छन् ।

आजका आम युवा पुस्ता आफ्नो घरदेखि सडकसम्म जाँदा मानसिक द्वन्द्वमा परिसकेका हुन्छन् । मानसिक द्वन्द्वमा फस्नु पनि स्वाभाविक हो । किनकि बेरोजगारी, आर्थिक आभाव, हरेक क्षेत्रमा केही गर्न खोज्दा दबाब, अड्चन र समस्याले युवाहरू पीडित बनिरहेका छन् । यहाँसम्म कि सार्वजनिक यातायात प्रयोग गर्दाको कोलाहल र अस्तव्यस्त सहरी जीवन, भविष्यको चिन्तालगायत विविध कारणले उनीहरूले मानसिक तनाव झेलिरहेका हुन्छन् । त्यसबाट मुक्त हुने विभिन्न माध्यमहरूको खोजीमा ती युवाहरू तल्लीन हुन्छन् । यही मनको चञ्चलता र मानसिक पीडाले आफ्नो हातमा सहज उपलब्ध भएको इन्टर नेटको बहुउपयोग गर्ने गर्दछन् ।

यस्तो खोजीका क्रममा कहिलेकाहीँ सबैभन्दा क्रुर, हिंस्रक र अमानवीयसमेत बन्ने गरेका उदाहरण छन् । मानसिक तनावबाट मुक्तिका लागि मनोरञ्जनका विभिन्न माध्यम अपनाउन पुग्छन् । त्यही क्रममा यौनजन्य सामग्रीमा रम्ने लतमा उनीहरू फस्न सक्छन् । यो अहिलेको समाजमा भइरहेकै घटना हो । इन्टरनेटको सहज उपलब्धताले यस्तो कार्य बढ्दै गएका छन् । त्यसैले अभिभावकहरू आफ्ना बालबच्चाको गतिविधिप्रति सचेत बन्नुपर्ने अहिलेको आवश्यकता हो । इन्टरनेटको गलत प्रयोगले पर्ने प्रभावबारे हामी सोच्दैनौं । क्षणिक मनोरञ्जनका लागि हुने गलत प्रयोगले मानव मस्तिष्कमा के असर गर्छ ? भन्नेबारे सोचेका छैनौं । इन्टरनेट र मोबाइलको सहज उपलब्धताका कारण यौनजन्य सामग्री विभिन्न वेबसाइटमा सहजरूपमा उपलब्ध हुन्छन् । के हामीले यो कहिले सोच्यौं यसले भविष्यमा समाजमा कस्तो असर गर्ला ? भविष्यको समाज कस्तो निर्माण होला र भविष्यको युवाहरू मनस्थिति कस्तो होला ? यो हरेक परिवारका अग्रज सदस्यले ख्याल राख्न जरुरी छ । तर, यो समाज त्यस्ता कुरामा ख्यालै राख्दैन । सहजतापूर्ण उपलब्ध हुने पोर्नोग्राफी (यौनजन्य सामग्री)ले मानिसहरूलाई मनोरञ्जन दिन्छ तर यसको असर र प्रभाव धेरै नै गहिरो हुन्छ ।

मिडियाहरूमा देखाइने हिंसा, यौनजन्य र कम्प्युटर गेमहरूले हाम्रो मस्तिष्कको न्युरल नेटवर्कमा बायोकेमिकल ट्रेसहरू छोड्छन् । तिनीहरूले मस्तिष्कमा आफ्नो जीवनको विकास गर्छन् र हाम्रो सोच र भावनालाई प्रभावकारीरूपमा प्रभाव असर पर्छन् । दर्शक र उसको मस्तिष्कको संरचना जति सानो हुन्छ स्क्रिनले मस्तिष्कको अचेतन हार्डड्राइभमा पछाडि प्रभावहरू त्यति नै तीव्र हुन्छन् ।

जब हामी हिंसा र यौनजन्य सामग्रीको उपभोग गर्छौं भने हामी कहिलेकाहीँ आरामसँग साथीभाइ वा आफन्तजनसँग कुराकानी गरिरहेका छौं तर अचानक हाम्रो मन र मस्तिष्क अनियन्त्रित भई कुनै मनको चञ्चलता र मस्तिष्क आवश्यकतातिर मोडिन गई जुन प्रसंगमा कुरा चल्दै थियो त्यो प्रसंग चिप्लिन जान्छ । हिंसा र यौनजन्य सामग्रीले मस्तिष्कमा प्रभाव परिसकेको हुन्छ । उसले आफ्नो संरचना निर्माण गरिसकेको कारणले हामीसँगको कुराकानीको प्रसंगबाट चिप्लिन पुग्दछ ।

धेरै पोर्नोग्राफीको उपयोग गर्नाले हाम्रो मस्तिष्कमा न्युरल प्रोग्रामहरू विकास गर्दछ जसले व्यवहारहरूलाई नियन्त्रण गर्न सक्छ । जस्तैः दिमाग प्रोग्रामिङमा प्रभाव बलात्कार, युवा हिंसा पोर्नेग्राफीको सर्वव्यापी परिणाम हो । हाल नेपालमा पोर्नोग्राफी साइटहरू बन्द छन् तर अवैधानिक मार्गबाट यौनजन्य सामग्री उपलब्ध छन् । यसलाई रोक्न सरकारले सकेको छैन । जब तपाईंको मन र मस्तिष्कले कुनै कुरा पाउनका निम्ति संकल्प गर्छ त्यो वस्तु पाउनका निम्ति मानिस अन्तिम बिन्दुसम्म पुग्छ । यौनजन्य भिडियो कुनै असम्भव वस्तु होइन र सरकारले मानिसहरूको मन मस्तिष्क बन्द गर्न पनि सक्दैन ।

दर्शकले आफ्नो मनको चनचलता र मस्तिष्कको आवश्यकतालाई नियन्त्रणमा राख्नु नै यसबाट जोगिने उत्तम उपाय हो । तर, यो उपाय त्यति सजिलो छैन । तर, हाम्रो नजिक भएका धर्म ग्रन्थका पानाहरू पल्टाउने हो भने मानिसहरूको जीवनको ९५ प्रतिशत समस्याको हल गर्दछ । एउटा माध्यम ध्यान हो । हामीले २४ घण्टाको समयमा ३० मिनेटमात्रै ध्यान गर्ने हो भने पनि ८० प्रतिशत समस्याको हल हुन्छ । यौनजन्य सामग्री हेर्ने लत छुटाउन पनि ध्यान उपयोगी बन्न सक्छ । हाम्रो धर्मग्रन्थमा भएका राम्रा कुराहरूको अनुशरण गर्नुपर्छ । नराम्रो अनावश्यक चिज हाम्रो शरीरभित्र पनि छ अब के नराम्रो चिज हाम्रो शरीरमा छ भन्दै हाम्रो शरीर नै त्याग गर्नु पनि त हुँदैन । भविष्यमा निर्माण हुने समाज भविष्यको युवा पुस्ताको भविष्यका लागि आजैबाट तपाईं हामी अग्रसर हुने कि नहुने ?

मानवीय स्वभावलाई आफ्नो निर्देशनअनुसार मार्गदर्शन गर्न सकिन्छ । युवामा चेतना अभिवृद्धि गरी इन्टरनेटको पहुँचलाई अध्ययन अनुसन्धान खोजमूलक कार्यमा जोड दिने हो भने समाज परिवर्तनको गतव्य निर्माण हुने अपेक्षा गर्न सकिन्छ ।

# कर्णालीमा २८ प्रतिशत खेतीयोग्य जमिन बाँझै

**सुर्खेत/भेरीगंगा–** कर्णाली प्रदेशको २८ प्रतिशत खेतीयोग्य जमिन बाँझै रहेको तथ्यांक छ । बाँझो जमिन सदुपयोग गर्ने सरकारले नीति लिए पनि कर्णाली प्रदेशभर अहिले पनि २८ प्रतिशत जमिन बाँझै रहेको पाइएको हो ।

कर्णालीमा बर्सेनि खाद्यान्न अभाव हुने गर्दछ । कर्णाली प्रदेशको खेतीयोग्य जमिनमध्ये ७२ प्रतिशत जमिनमा खेती हुँदै आएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशको तथ्यांकमा छ । मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतका अनुसार देशको २२ प्रतिशत क्षेत्रफल ओगटेको कर्णाली प्रदेशका ७४ प्रतिशत नागरिक कृषिमा निर्भर छन् ।

दुई लाख ९९ हजार ३३९ हेक्टर खेतीयोग्य जमिनमा तीन लाख ३९ हजार ९०९ मेट्रिकटन खाद्यान्न उत्पादन हुने गरेको छ । जबकि कर्णालीमा वार्षिक तीन लाख ५८ हजार ३१६ मेट्रिकटन खाद्यान्न आवश्यक पर्दछ । बाँझो जमिन उपयोग गर्न सरकारले फलफूल, तरकारी खेतीलगायतमा जोड दिएको प्रवक्ता कठायतले बताए । उनले भने, 'हामीले बाँझो जमिन सदुपयोग गर्न विभिन्न योजना बनाएर काम गरिरहेका छौं । हिमाली जिल्लामा स्याउ, ओख्खर खेती र पहाडी जिल्लामा सुन्तला, किवी र विभिन्न जातका फलफूलखेतीका लागि किसानलाई प्रोत्साहित गरिरहेका छौं ।'

गरिबी न्यूनीकरण र खाद्यान्न अभाव कम गर्न बाँझो रहेको जग्गा सदुपयोग गर्दै आएको प्रदेश सरकराले जनाएको छ । खेतीयोग्य जमिन बाँझो राखेर खाद्यान्न उत्पादन बढाउन नसकिने भन्दै त्यसका लागि किसान आकर्षण कार्यक्रम सरकारले ल्याएको उनको भनाइ छ । तर, बर्सेनि खेतीयोग्य जमिनसमेत बाँझिदै गएका छन् भने खाद्यान्न अभाव पनि भइरहन्छ । *रासस*

# अझै चुनौती बन्दै बालविवाह

**बलेवा–** बागलुङमा बालविवाह अझै चुनौतीकैरूपमा रहेको छ । यहाँका कतिपय पालिकामा बालविवाह कम रहे पनि कतिपयमा चुनौती कायमै छ । बालमैत्री नगर घोषणाको अन्तिम तयारी भइरहेको गलकोट नगरपालिकामा बालविवाह चुनौतीका रूपमा छ । बालमैत्री नगरपालिका घोषणाका लागि तयारी गरिरहेको बागलुङ नगरपालिकाले पनि बालविवाहको चुनौती पार लाउन सकेको छैन ।

गलकोटले अधिकांश सूचक पूरा भइसक्दा पनि बालविवाह भने रोक्न नसकिएको जनाएको हो । केही स्थानमा बालविवाह भइरहेकाले घोषणामा समस्या भएको पालिकाले जनाएको छ । बालमैत्री नगर बनाउन ५१ सूचक पूरा गर्नुपर्छ । गलकोटमा झण्डै ५० सूचक पूरा भइसकेका छन् । छिटफुटरूपमा बालविवाह भएकाले घोषणामा समस्या आएको नगर शिक्षा अधिकारी रुद्रनारायण सापकोटाले बताए । तीन वर्षअघिदेखि सुरु भएको यो अभियानमा बालविवाह बाधक बनेको हो ।

'छिटफुट बालविवाह देखिएको छ, त्यो समस्या पनि समाधान गरेर छिट्टै बालमैत्री नगर घोषणा गर्छौं,' नगरप्रमुख भरत शर्मा गैरेले भने, '२० वर्षको उमेर हदले केही समस्या बनाएको छ ।' पारिवारिकरूपमा सहमत भएका वा केही भागी विवाहमा २० वर्ष उमेर नपुग्दै भएको देखिँदा यो अभियानमा असर परेको उनले बताए । बालमैत्री नगर घोषणाका लागि बालमैत्री स्थानीय शासनले तोकेका ५१ मध्ये १२ शिक्षा र १३ वटा सूचक स्वास्थ्य क्षेत्रबाट पूरा गर्नुपर्ने व्यवस्था छ । समुदाय तहले पूरा गर्नुपर्ने सूचकमध्ये बालविवाह अन्त्य गर्नुपर्ने भन्ने उल्लेख छ । विभिन्न समुदायको समस्याले नगरको अभियानमा असर परेको बताइएको छ ।

तथ्यांकगतरूपमा उल्लेख्य रेकर्ड भने नभेटिएको सापकोटाको भनाइ छ । 'बालविवाह उल्लेख्य भने छैन, छिटफुट बालविवाह भेटिएका छन्,' सापकोटाले भने, 'ती पनि १८ देखि १९ वर्षमा भएको देखियो ।' जति गर्दा पनि १९ देखि २० वर्षसम्मको उमेरलाई विवाह रोक्न कठिन हुने उनले बताए । शिक्षा शाखाले विद्यालय तहमा पनि अनुगमन गरिरहेको छ । विद्यालयमा त्यस्तो समस्या नभएको, पढाइ छुटेका तथा एसइईपछि विवाह भएका देखिएको उनले बताए ।

जनप्रतिनिधिले पनि यो विषय अनुगमन गरिरहेको बताएका छन् । 'हामीले सबै सूचक पार गर्न सक्छौं, विवाहको उमेरमा जबर्जस्ती गर्न नसकिने रहेछ,' गलकोट वडा नं ३ का अध्यक्ष फमबहादुर खत्रीले भने, 'कतिपय विवाह फिर्ता भएका छन्, तर पनि रोक्न कठिन रहेछ ।' उमेर नपुगेको विवाह रोक्न खोजेपछि कतिपय सानैमा गर्भवती भइसकेकोसमेत भेटिएको उनले बताए ।

गलकोट वडा नं ७ का अध्यक्ष राजबहादुर थापाले पनि दलित समुदायमा बढी समस्या देखिएको बताए । 'घरघरमा अभियान चलाउँदा पनि पूर्ण रोक लगाउन कठिन भएको छ,' उनले भने, 'सूचकहरू ५० वटा राख्ने हो भने सबै पूरा भएका छन् ।' वडा तहमा घोषणा गरेर नगरस्तरीय घोषणाको तयारी भइरहेको हो । केही वडामा भने बालविवाह नभएको भेटिएको हो । ती वडामा सहजै घोषणा गर्न सकिने अवस्था भइसकेको गैरेले जानकारी दिए ।

'वडावडाबाट घोषणा गर्दै नगरको घोषणामा आइपुग्छौं,' गलकोटका नगरप्रमुख गैरेले भने, 'यो हाम्रो नगरको गौरवको योजना पनि हो ।' बालमैत्री घोषणा गर्दा नगरपालिकालाई हेर्ने दृष्टिकोणसमेत सकारात्मक बन्ने उनले बताए । वडा तहमा अनुशिक्षणका दर्जनौं कार्यक्रम भइरहेका छन् ।

बागलुङ नगरपालिका जिल्लाकै सुगम र सबैभन्दा धेरै शिक्षित नागरिक भएको नगरपालिका हो । बागलुङका १४ वटै वडामा बालविवाह रोकियो भनेर घोषणा गर्नसक्ने अवस्था छैन । परिवारको मिलिमतोमै बालविवाह हुने गरेको बताइन्छ । परिवारको मिलेमतो नभएका उमेर नपुगी हुने प्रेम विवाह मात्रै बाहिर आउने गरेको स्थानीय भरत पौडेलले बताए ।

# दलित समुदायलाई निःशुल्क स्वास्थ्य बिमा

**धनकुटा (प्रस)–** धनकुटाको साँगुरीगढी गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका दलित समुदायको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको छ । पाँच जनासम्मको परिवारलाई सरकारले तोकेको निश्चित रकम र सो संख्याभन्दा बढी भए प्रतिव्यक्ति थप बुझाउनुपर्ने सबै रकम पालिकाले तिरेको हो ।

हालसम्म पालिकाले १२१ दलित समुदायको निःशुल्क बिमा गरिदिएको पालिकाका स्वास्थ्य शाखाप्रमुख गणेशकुमार यादवले जानकारी दिए । दश वडा भएको पालिकाको वडा नं ८ बाहेक सबै वडाका दलित परवारको बिमा गरिएको उनको भनाइ थियो । गएको साउनदेखि पालिकाले आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेर उक्त कार्यक्रम ल्याएको पालिकाका अध्यक्ष जितेन्द्र रुम्दाली राईले जानकारी दिए । 'उत्पीडित र पछि परेका दलित समुदायलाई राज्यको उपस्थितिको प्रत्याभूति दिन यो सुविधा दिइएको हो,' उनले भने ।

उक्त पालिकाले आफ्ना पालिकामा कार्यरत अन्य ५२ महिला स्वास्थ्य स्वयंसेविकाको पनि निःशुल्क स्वास्थ्य बिमा गरिदिएको थियो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELHAM NASSER ABDULLAH ABU SARHAD CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०९/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No. 278508 चलानी नं. ६०१९४१७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 5 | 0 | 2000 | ७०,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1000 | ३५,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**

Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIM BROTHERS PLASTIC

पूर्व स्वीकृति मिति : २०७९/११/१७ LT. No. 281889 चलानी नं. ६०१९७३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**

Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: SRACO HUMAN RESOURCES BRANCH

पूर्व स्वीकृति मिति २०७८/१२/२४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१७ LT. No.261297 चलानी नं. ६०१७७४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 1 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMEE HOTELS & RESTAURANTS MANAGEMENT CO.W.L.L.

पूर्व स्वीकृति मिति २०७८/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No. 260053 चलानी नं. ६०१७४९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender/waiter | 9 | 0 | 135 | ४७,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 10 | 120 | ४२,१९५ | | | | | | | |
| 3 | Room Attendant | 15 | 0 | 120 | ४२,१९५ | | | | | | | |
| 4 | Waiter | 4 | 14 | 120 | ४२,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :G & L POWER ONE SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/११/१७ LT. No.:281657 चलानी नं. ६०१९७३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 22 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279, 5902950

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LONGMA PAPER INDUSTRY SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१७ LT. No. 264431 चलानी नं.६०१८०८२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DE CABINET INDUSTRY SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No. 269060 चलानी नं.६०१८४९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KIMTAITI INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No. 265816 चलानी नं.६०१८१९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PURE CLEANING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०७८/०८/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१७ LT. No 252026 चलानी नं. ६०१६८८१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 26 | 1000 | ३६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commercial Sales Representative | 4 | 0 | 1000 | ३६,०९० | | | | | | | |
| 3 | Filling Clerk | 0 | 1 | 1000 | ३६,०९० | | | | | | | |
| 4 | Light Vehicle Driver | 1 | 0 | 1000 | ३६,०९० | | | | | | | |
| 5 | Purchasing Representative | 2 | 0 | 1000 | ३६,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**HR International Pvt. Ltd.**

License No. : 1491/074/075

Maharajgunj, Kathmandu, Nepal, Tel : +977-01-4375699, 4375807,
Mob No. 9803033220, 9817946907, E-mail : hrinternational83@gmail.com


## Punarbas Municipality
## Office Of The Municipal Executive
### Sudurpaschim Province, Kanchanpur

## INVITATION FOR BIDS

**CONTRACT IDENTIFICATION NO: PUN/MUN/079/080-19,20**

**Date of Publication: 2nd March, 2023 (2079/11/18)**

1. Punarbas Municipality Office invites electronic bids from eligible bidders for the Construction of works as mentioned in table below under National Competitive Bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Punarbas Municipality, Office of The Municipal Executive, Punarbas, Kanchanpur or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

| SN | Contract ID | Description | Estimated amount (without VAT & PS) | Bid Security | Bid Validity Period | Price for Tender document |
|---|---|---|---|---|---|---|
| 1 | PUN/MUN/079/080-19 | Construction of Ward level health clinic Building, Punarbas Municipality-07, Kanchanpur. | 31,59,975/- | 90,000/- | 90 days | 3000/- |
| 2 | PUN/MUN/079/080-20 | Construction of First Floor of Ward Office Building, Punarbas Municipality-08, Kanchanpur. | 25,42,958/- | 75,000/- | 90 days | 3000/- |

**Chief Administrative Officer**

## गीतकार सागर उदासका दुई कृति लोकार्पण

तनहुँ दमौलीका सागर उदासका दुई कृति 'सागर सुसेली' र 'फैलिन्छ कि माया' सार्वजनिक भएका छन् । राजधानीमा एक कार्यक्रममार्फत उनका दुई कृतिहरू एकसाथ विमोचन भएका हुन्। गीति सङ्ग्रह 'सागर सुसेली' मा १०९ वटा श्रृजना समेटिएका छन् । ४ वर्ष अगाडि कृतिबारे सम्पूर्ण तयारी भए पनि कोभिड र विविध कारणले ढिलाइ भएको गीतकार सागर उदासले विमोचन समारोहमा बताए। अर्को कृति 'फैलिन्छ कि माया' मा १२३ वटा श्रृजनाहरू छन्। कृतिमा मन–मुटु, माया–प्रेम, राष्ट्र– प्रेम र कोभिड्का पीडाहरू झल्किएका छन् । उनको दर्जनौं गीत रेकर्ड भइसकेका छन् ।



### 'स्टेज किंग' खुमनको अर्को पाटो

# लोकदोहोरी प्रतिष्ठानको उपाध्यक्षमा शानदार जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको आठौं महाधिवेशन सम्पन्न भएको छ । आगामी ३ वर्षका लागि नयाँ कार्यसमिति निर्वाचन समेत गरेको महाधिवेशनबाट केन्द्रीय उपाध्यक्षमा चर्चित लोक गायक खुमन अधिकारी अत्याधिक मतले निर्वाचित भएका छन् ।

प्रतिष्ठानका अधिकांश पदाधिकारीहरू निर्विरोध निर्वाचित भएता पनि उनले उम्मेदवारी दिएको उपाध्यक्ष पदका लागि भने मतदान भएको थियो। प्रत्यक्ष प्रतिनिधिहरूको बीचमा उनको लोकप्रियताको कसी मतदानमा देखिएको थियो । जसको प्रत्यक्ष प्रमाणका रूपमा उनले ल्याएको ४७४ मत नै काफी थियो। उनले ल्याएको यस मतबाट नै उनी नेपाली लोकबजारमा कति लोकप्रिय छन् भन्ने कुरा आफूलाई प्रमाणित गरेका थिए । यसअघि कार्यकाल केन्द्रीय कार्य समिति सदस्य र २ पटक केन्द्रीय सचिवमा रहेर काम गरिसकेका खुमन वर्तमान कार्यसमितिमा अनुभवी उपाध्यक्षका रूपमा पनि चिनिन्छन् ।

नेपाली लोकगीतका सर्वाधिक लोकप्रिय र चलेका गायक रूपमा मानिएका खुमन अधिकारी नेपालको लोक संस्कृतिको केन्द्र मानिएको गण्डकी प्रदेशको स्याङ्जाको गुरुम्दीमा जन्मिएका हुन् ।

१० हजारभन्दा बढी गीतमा स्वर दिइसकेका खुमनले 'मनको देउतैले', 'जोर शंख फुकेर', 'बिन्ती मेरो कोटी कोटीमा', 'रुमाल चिनो लैजाउ बैनालाई', 'एउटै डोरी पासो लगाम भो', 'सिलाइ दिउँला भोटो', 'कपाल कोर्ने काइँयो', 'स्याङ्जालीलाई नभन जाली', 'मायालुले भिरेको झोला'लगायतका थुप्रै चर्चित गीतहरूमा स्वर भरेका छन् ।



सामान्य शब्दहरूलाई पनि लिएर गीत बनाउन खप्पीस खुमन गीत संगीतको इतिहासमा लामो समयदेखी एकछत्र राज गर्न सफल छन् । देशभित्र आयोजना हुने मेला महोत्सवमा प्रायः नछुट्ने खुमन पछिल्लो समय विदेशतिरका कार्यक्रमहरूमा पनि ज्यादै व्यस्त छन् । कोरोनाका कारण केही समय रोकिएको सांगीतिक माहौलपछि अहिले देशविदेशका साथै देशभित्रका स्टेज तताइरहेका खुमनलाई स्टेजका किङ भनेर समेत चिन्ने गरिएको छ ।

दर्शकहरूको भावनाअनुसारको शब्दमा संगीत भर्नसक्ने खुमन प्रत्यक्ष दोहोरीका समेत अब्बल गायक हुन् । भजनदेखि लिएर र्‍यापसम्मका गीत गाउने खुमन तीजगीत, झ्याउरे, रोइला, कौडा, रत्यौली, पञ्चेबाजाका गीतहरूका अब्बल सर्जक र स्टेज पर्फमर पनि हुन् ।



संस्थाको उपाध्यक्षको जिम्मेवारी लिएपछि खुमनले लोकदोहोरीको संरक्षणमा आफू जहिले पनि लागि रहेको बताउँदै, भूमिकामा केही परिवर्तन भए पनि संस्कृति जोगाउनका लागि जहिले पनि अग्रगामी भूमिका खेल्ने बताए । उनले आम लोकगीतप्रेमीहरूले आफूलाई दिएको मतको कहिल्यै पनि अवमूल्यन नगर्ने प्रण गर्दै लोकगीत र संस्कृति संरक्षणमा लागि रहने बताए। उनले अन्तिममा प्रतिष्ठान अध्यक्षमा निर्वाचित भएकी पहिलो महिला अध्यक्ष रिता थापालगायतका सबै नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै सबैको सहयोग पाउने अपेक्षा समेत गरे ।

# आर्ट, कल्चर एण्ड म्युजिक अवार्डको तेस्रो संस्करण वैशाखमा

**काठमाडौं** (**प्रस**) – नेपाली आर्ट, कल्चर एण्ड म्युजिक अवार्डको तेस्रो संस्करण आगामी वैशाखमा हुने भएको छ। २०७८-७९ मा सार्वजनिक भएका गीत-संगीतले अवार्डमा प्रतिस्पर्धा गर्न पाउने आयोजकले जनाएको छ । गीत-संगीत दर्ता गर्दा शुल्क नलाग्ने बताउँदै अवार्ड अध्यक्ष सूर्य चन्दले नेपाली संगीत क्षेत्रलाई चलायमान बनाउन र कला-संस्कृति क्षेत्रका स्रष्टालाई सम्मान गर्ने उद्देश्यले अवार्ड आयोजना हुन लागेको जनाएका छन् ।

क्रियटिभ इन्साइट मिडियाको प्रस्तुतिमा हुन लागेको अवार्डलाई शुभकामना मिडिया सोलुसन प्रालिले व्यवस्थापन गर्ने भएको छ। कलाकार समेत रहेका चन्दको अध्यक्षतामा हुने अवार्ड कार्यक्रमको निर्देशक सुमन बैरागी पण्डित छन्। उत्कृष्ट नवप्रतिभा, रचनाकार, लोक तथा दोहोरी गायक-गायिका, पर्व विशेष गीत (तीज, दशैं, तिहार, होली), भजन, पप-आधुनिक गायक-गायिका, भाषाभाषीका गीत, म्युजिक भिडियो, आर्ट तथा सांस्कृतिकलगायत विभिन्न विधामा अवार्ड प्रदान गरिनेछ। अवार्डमा प्रतिष्ठित व्यक्तिलाई समेत सम्मान प्रदान गरिने भएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEKUN CONCRETE (M) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/११/१६ LT. No. 281646 चलानी नं.६०१९७३३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४४,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २५ गते (9th. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

